ठूली भेरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जुफाल, डोल्पा
कर्णाली प्रदेश, नेपाल

# स्थानीय राजपत्र

खण्डः १ संख्याः १ २०८१ फागुन २९ गते

भाग–२

## ठूली भेरी नगरपालिका

## ठूलीभेरी नगरबस सेवा सन्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१

प्रमाणित मितिः २०८१/११/२८

सम्वत् २०८१ सालको निर्देशिका नं. १

**नगर बस सेवा सन्चालन तथा व्यवस्थापन गर्न बनेको निर्देशिका**

**प्रस्तावनाः** सार्वजनिक यातायात सेवामा सर्वसाधारणको सहज र सुविधाजनक पहुँच स्थापित गर्न, सार्वजनिक यातायातलाई प्रोत्साहन गरी लगानी मैत्री वातावरण सृजना गर्न, सुरक्षित, भरपर्दो, सर्वसुलभ, गुणस्तरीय, विश्वसनीय, वातावरणमैत्री, उपभोक्तामुखी र सेवामुखी रुपम वस सेवा संचालन तथा व्यवस्थापन गर्न, यातायात क्षेत्रमा समयानुकुलको प्रविधिलाई उपयोग गर्न, साझेदारी विकास कार्यक्रमलाई टेवा पुऱ्याउन तथा यातायात सेवामा सुशासन कायम गर्न नगर वस सेवा सन्चालनको लागि आवश्यक निर्देशिकाको व्यवस्था गर्न बाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी ठूलीभेरी नगर कार्यपालिकाको मिति २०८१/११/२७ गते बैठकले २६औं निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "ठूलीभेरी नगरपालिका नगर वस सेवा सन्चालन तथा व्यवस्थापन निर्देशिका, २०८१"रहेकोछ ।

(२) यो निर्देशिका ठुली भेरी नगरपालिकाकाको स्थानीय राजपत्रमा प्रकाशन भए पश्चात प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः-

(क) "अनुगमन समिति" भन्नाले नगर वस सुचारु रुपमा संचालन तथा व्यवस्थापनको लागि नगरपालिकाद्वारा गठित नगर बस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिलाई जनाउनेछ ।

(ख) "उपप्रमुख"भन्नाले ठुली भेरी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ ।

(ग) "कार्यपालिका"भन्नाले ठूलीभेरी नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ) "कार्यपालिका सदस्य" भन्नाले ठूलीभेरी नगरपालिकाको कार्यपालिकाको सदस्य सम्झनुपर्छ ।

(ङ) "चालक" भन्नाले कानून बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त गरेको व्यक्ति सम्झनुपर्छ ।

(च) "चालक अनुमतिपत्र" भन्नाले सवारी साधन चलाउन पाउनेगरी अधिकार प्राप्त अधिकारीले दिएको सवारी चालक अनुमतिपत्रलाई सम्झनुपर्छ ।

(छ) "टिकट" भन्नाले ठुली भेरी नगरपालिकाद्वारा सन्चालित नगर बस सेवा प्रयोग गर्ने सेवाग्राहीलाई प्रदान गरिने टिकट सम्झनुपर्छ, सो शब्दले ई-टिकट, स्मार्ट कार्ड वा यस्तै प्रयोजनका लागि जारी हुने प्रविधिजन्य टिकट समेतलाई सम्झनपर्छ ।

(ज) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस निर्देशिका अन्तर्गत तोकिए बमोजिम सम्झनुपर्छ ।

(झ) "नगरपालिका"भन्नालेठूलीभेरी नगरपालिका लाई सम्झनुपर्छ।

(ञ) "नगर बस सेवा" भन्नाले ठूलीभेरी नगरपालिकाद्वारा सन्चालित नगर वस सेवालाई सम्झनुपर्छ ।

(ट) "नगरसभा सदस्य" भन्नाले ठूलीभेरी नगरपालिकाको नगरसभाको सदस्यलाई सम्झनुपर्छ ।







(ठ) "निर्धारित"भन्नाले प्रचलित कानून नेपाल कानून, नेपाल सरकार, प्रदेश सरकार वा ठूलीभेरी नगरपालिकाकाले यातायात व्यवस्थापन सम्बन्धी विषयमा समय समयमा गर्ने निर्णय वा तोक्ने मापदण्डलाई सम्झनुपर्दछ ।

(ड) "पार्किङ्गस्थल" भन्नाले ठूलीभेरी नगरपालिकाले सवारी साधन राख्न निर्धारण गरेको स्थल सम्झनुपर्छ ।

(ढ) "प्रदेश कानुन" भन्नाले प्रदेश सभा वा कर्णाली प्रदेशबाट जारी भएको यातायात व्यवस्थापन सम्वन्धी कानूनलाई सम्झनुपर्छ ।

(ण) "प्रदूषण" भन्नाले सवारीबाट निस्कने ध्वनि तथा धुवाँको प्रदूषण सम्झनुपर्छ ।

(त) "प्रमुख" भन्नाले ठूलीभेरी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(थ) "परिचालक" भन्नाले अधिकार प्राप्त अधिकारीबाट परिचालक अनुमतिपत्र प्राप्त व्यक्ति सम्झनुपर्छ र सो शब्दले सो सवारीमा काम गर्ने अन्य चेक र तथा हेल्पर समेतलाई जनाउँछ ।

(द) "बसविसौनी" भन्नाले यात्रुवाहक सार्वजनिक सवारीमा यात्रुलाई यात्रा गर्ने प्रयोजनको लागि चढ्न र ओर्लनको निमित्त निर्धारित गरिएको ठाउँ सम्झनु पर्छ ।

(ध) "मालसामान" भन्नाले मानिस बाहेक सार्वजनिक सवारीमा ओसारपसार गरिने यात्रुहरुका झोला, गुण्टा लगायत यस्तै प्रकारका सजिव वा निर्जिव सरसामान सम्झनु पर्छ, सो शब्दले जनावर, पन्छी तथा कुनै निर्जीव वस्तु समतेलाई जनाउनेछ ।

(न) "यातायातसेवा" भन्नाले सार्वजनिक सवारीले भाडा लिई एक ठाउँबाट अर्को ठाउँ सम्म यात्रु वा मालसामान ओसार पसार गर्ने कार्य सम्झनु पर्छ ।

(प) "यात्रु" भन्नाले सार्वजनिक सवारीबाट यात्रा गर्ने व्यक्ति सम्झनुपर्छ ।

(फ) "सवारी" भन्नाले यान्त्रिक शक्तिबाट सडकमा चल्ने सवारीको साधनलाई सम्झनुपर्छ ।

(भ) "संघीय कानुन" भन्नाले संघीय संसद वा नेपाल सरकारबाट जारी भएको यातायात व्यवस्थापन सम्वन्धी कानुनलाई सम्झनुपर्छ ।

(म) "समिति भन्नाले" ठूलीभेरी नगर कार्यपालिकाको बैठकबाट गठन हुने समितिलाई सम्झनुपर्छ ।

(य) "सम्बन्धित निकाय" भन्नाले ठूलीभेरी नगरपालिकाको क्षेत्रभित्र यातायात व्यवस्थापन सम्बन्धमा काम कारबाही गर्ने नेपाल सरकार तथा प्रदेश सरकार मातहतका कार्यालय, अन्य स्थानीय सरकार, गैर सरकारी संघ संस्थालाई समेत सम्झनुपर्छ ।

(र) "सार्वजनिक यातायात भन्नाले सर्वसाधारणका लागि भाडा लिई यात्रा गराउन सञ्चालित बसलगायतका सार्वजनिक यातायातका लागि इजाजत प्राप्त गरी सञ्चालन गरिएका यातायातका साधन सम्झनुपर्छ ।

(ल) "सेवाप्रदायक" भन्नाले सार्वजनिक यातायात सेवा संचालन गर्ने उद्देश्यले प्रचलित कानूनबमोजिम स्थापित संघसंस्था, कम्पनी वा व्यक्ति सम्झनु पर्छ ।

(व) "संस्था" वा "कम्पनी" भन्नाले प्रचलित कानुनबमोजिम सार्वजनिक यातायात सेवा सञ्चालन गर्न गराउन स्थापित संस्था वा कम्पनीलाई सम्झनुपर्छ ।

## परिच्छेद-२
## नगर बस सम्बन्धी व्यवस्था

३. **नगर बसको व्यवस्था गर्ने** : (१) नगरपालिकाले नगरवासी र नगरपालिका क्षेत्रभित्र आगमन र प्रस्थान गर्ने यात्रुहरुलाई सस्तो, सुलभ, पहुँचयोग्य र भरपर्दो यातायात सुविधा उपलब्ध गराउन आफैले खरिद गरेर वा बस संञ्चालक व्यक्ति, संस्था वा कम्पनीसँग सम्झौता गरी वा भाडामा लिई आवश्यक संख्यामा नगर बस संञ्चालन गर्न सक्नेछ ।

(२) नगरपालिकाले नगर बस आफैले खरिद गर्दा वा बस संञ्चालक व्यक्ति, संस्था वा कम्पनीसँग सम्झौता गरी वा भाडामा लिई नगर बस संञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानूनको प्रक्रिया पुरा गरी गर्नेछ ।

## परिच्छेद-३
## टिकट सम्बन्धी व्यवस्था

४. **टिकटको प्रयोगः** (१) बस संचालनमा कागजी र विद्युतीय गरी दुई प्रकारका यात्रु टिकटहरु प्रयोग गर्न सकिनेछ ।

(२) कागजी टिकटको प्रयोगलाई क्रमशः विद्युतीय टिकटले विस्थापित गरिनेछ ।







५. **टिकट अनिवार्य दिनुपर्नेः** (१) सवारी साधन बसमा चढ्नुभन्दा पहिले वा चढे लगत्तै वा वसबाट झर्नु भन्दा पहिले यात्रुहरुसँग तोकिएको भाडा लिई अनिवार्य रुपमा टिकट दिनुपर्ने दायित्व सम्बन्धित परिचालकको हुनेछ ।

(२) विद्युतीय टिकट रहेको खण्डमा इ-टिकेटिङ्ग लगायतका प्रविधिबाट अग्रिम टिकट खरिद गर्न पाउने व्यवस्था समेत गर्नुपर्नेछ ।

(३) यात्रु टिकटको आकार प्रकार तथा टिकटमा उल्लेख गर्नुपर्ने कुराहरु तोकिए बमोजिम हुनेछ ।

(४) यात्रुटिकटमा धुम्रपान, मद्यपान, सुर्तीजन्य पदार्थ अश्लील सामाग्री तथा सार्वजनिक हित विपरीत हुने सामाग्रीको प्रयोग तथा विज्ञापन गर्न पाइने छैन ।

६. **टिकट अनिवार्य लिनुपर्ने** : (१) ठली भेरी नगरपालिकाकाले रुट कायम गरी सञ्चालन गर्ने बसको प्रयोग गर्ने यात्रुले आफू चढ्ने बस बिसौनीमा वा सवारी साधन चढे लगत्तै वा सवारीबाट झर्नुभन्दा पहिले अनिवार्य रुपमा निर्धारित भाडा तिरी टिकट लिनुपर्छ ।

७. **सहुलियत मूल्यमा टिकट प्रदान गर्नुपर्ने** : (१) सेवा प्रदायकले बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गगता भएका व्यक्ति, अशक्त, जनआन्दोलनका घाइते, शहिद परिवारका सदस्य, विद्यार्थी तथा अन्य निर्धारित व्यक्तिलाई देहाय बमोजिम निर्धारण गरिएको सहुलियत दरमा टिकट उपलब्ध गराउनु पर्छ ।

(क) पाँच वर्ष मुनिका बालबालिकालाई कुनै शुल्क नलाग्ने,
(ख) असी वर्ष पूरा भएका जेष्ठ नागरिकलाई कुन शुल्क नलाग्ने,
(ग) सत्तरी बर्षका जेष्ठ नागरिकलाई टिकट दरमा पचास प्रतिशत छुट हुने,
(घ) अपाङ्गगता भएका व्यक्ति, अशक्त, जनयुद्ध, जनआन्दोलनका घाइते, शहिद परिवारलाई पचास प्रतिशत, र विद्यार्थीलाई टिकट दरमा तेत्तिस प्रतिशत छुट दिने ।

(२) उपदफा (१) बमोजिम सहुलियत दरमा टिकट प्राप्त गर्ने यात्रुले सम्बन्धित निकायबाट जारी भएको परिचय पत्र देखाउनु पर्छ ।

(३) उपदफा १ को खण्ड (घ) बमोजिमको सहुलियत भाडा रकम लिदा पाँचले भाग जाने अंक हुनेछ ।

(४) अन्य छुट सम्बन्धमा यातायात व्यवस्था कार्यालयको नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद-४

## नगरपालिकाको बस संचालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको दायित्व

**८. व्यक्ति संस्था वा कम्पनीको दायित्व** : (१) नगरपालिकाकाले व्यक्ति, संस्था, कम्पनी वा साझेदारीमार्फत पनि नगर बस सेवा सन्चालन गर्न गराउन सक्नेछ। त्यसरी वस संचालन गर्ने व्यक्ति, संस्था वा कम्पनीको सम्झौतापत्रमा उल्लेखित शर्तको परिपालनाको साथसाथै देहाय बमोजिमको दायित्व हुनेछः-

(क) यात्रुहरुलाई निर्धारित बस बिसौनीबाट मात्र चढाउने र ओर्लने (पिक एण्ड ड्रप) व्यवस्था गर्ने,

(ख) यात्रुवर्ग, उपभोक्ता वा सवर्ससाधारणका लागि गुनासो तथा सुझाव दिन मिल्ने व्यवस्था मिलाउने,

(ग) चालक र परिचालकलाई निर्धारित पोशाकको व्यवस्था गर्ने,

(घ) यातायातका साधनहरुको नियमित चेकजाँच गरी मर्मत सम्भार तथा सरसफाई गर्ने/गराउने,

(ङ) सवारी साधन कुन रुटमा चल्ने हो सो सजिलैसँग छुट्याउन सकिने किसिमले रुट नम्बरका अतिरिक्त सवारी साधनमा फरक रंग वा निश्चित चिन्हको प्रयोग गर्ने,

(च) अपांगता भएका व्यक्ति, महिला, असक्त, बालबालिका, जेष्ठ नागरिकहरुलाई निर्धारित आरक्षण सिटको व्यवस्था गर्ने, आरक्षण गरिएको सिट खाली भई अन्य कुनै व्यक्ति वसेको अवस्थामा आरक्षित व्यक्ति प्रवेश गरेमा निजलाई तुरुन्त सिटमा बस्ने व्यवस्था मिलाउने,

(छ) चालक र परिचालकले प्रचलित कानुन बमोजिमको कार्य र आचरण गरे नगरेको सुपरीवेक्षण गर्ने र आवश्यक निर्देशन दिने,

(ज) प्रत्येक सवारी साधनमा प्राथमिक उपचार सामाग्री (फस्ट एड), अग्नि नियन्त्रण उपकरण, फोहर राख्ने भाँडो अनिवार्य रुपमा राख्ने,

(झ) सवारी साधनमा नगरपालिकाको स्वीकृति बेगर विज्ञापन नगर्ने,

(ञ) नगरपालिका क्षेत्रभित्र सार्वजनिक यातायात सेवा वस सञ्चालन गर्दा नगरपालिकाबाट निर्धारण भएको भाडादर बमोजिम भाडालिने व्यवस्था मिलाउने,







(ट) कार्तिकदेखि माघ मसान्तसम्म बिहान छ बजेदेखि साझँ सात बजेसम्म र बाँकी अन्य महिनाको हकमा बिहान पाँच बजेदेखि साँझ सात बजेसम्म अनिवार्य रुपमा निर्धारित रुटमा बस सेवा संचालन गर्नुपर्ने र आवश्यकता अनुसार अन्य समयमा पनि सेवा संचालनको व्यवस्था मिलाउने,

(ठ) सम्बन्धित निकाय वा नगरपालिकाले समयसमयमा तोकेको मापदण्डको पूर्ण रुपमा परिपालना गर्ने,

(ड) सवारी साधनमा अनिवार्य रुपमा वमन थैली राख्ने,

(ढ) नगरपालिकाबाट हुने नियमन, अनुगमन कार्यमा सहयोग र समन्वय गर्ने,

(ण) नगरपालिकाबाट समय समयमा दिइने निर्देशनको अनिवार्य रुपमापरिपालना गर्ने/गराउने ।

(२) नगर वस संचालन गर्ने व्यक्ति संस्था वा कम्पनीले देहायको कार्य गर्ने गराउने तर्फ समेत आवश्यक पहल गर्नुपर्छः-

(क) यात्रुको सुरक्षा व्यवस्था र अनुगमनका लागि सार्वजनिक यातायातका साधनमा सी.सी.टी.भी. क्यामेरा जडान गर्ने/गराउने,

(ख) उच्च प्रविधियुक्त वातावरणमैत्री सवारी साधनको प्रयोग गर्ने,

(ग) सवारी साधनभित्र अपाङ्गता भएका व्यक्तिहरुले प्रयोग गर्ने ह्विलचेयर सजिलै राख्न सकिने व्यवस्था गर्ने,

(घ) यात्रुवर्ग र सवर्ससाधारणका लागि गुनासो तथा सुझाव दिन र सेवा सम्बन्धी जानकारी दिन टोल फ्री-नम्बर, नोटिस बोर्ड सेवा, ईमेल, वाईफाई, सामाजिक संजाल, भ्वाईसमेल लगायतका प्रविधि जडान गर्ने,

(ङ) सार्वजनिक यातायात सेवा सम्बन्धमा मोवाईल र कम्प्युटरबाट सवारी साधनको आगमन तथा रुटहरुको अवस्थितिहरु प्रत्यक्ष देखिने जीपीएस ट्र्याकिङ्ग जडान गरी एप्स प्रयोगमा ल्याउने,

(च) यात्रुहरुको सहजताका लागि दैनिक, साप्ताहिक, मासिक तथा वार्षिकरुपमा मान्य हुने टिकटहरु जारी गर्ने ।

**९. सवारी चालकः** देहायको योग्यता पुगेको नेपाली नागरिक नगर बसको चालक हुन योग्य मानिनेछः

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको सवारी चालक इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिकरुपमा स्वस्थ्य रहको,

(ग) वस वा एम्वुलेन्स वा जिपको हकमा कम्तिमा ३ वर्षको सरकारी सवारि साधन चलाएको अनुभव प्राप्त ।

(घ) कुनै प्रचलित कानुन बमिजम अयोग्य नरहेको ।

**१०. परिचालकः** देहायको योग्यता पुगेको नेपाली नागरिक नगर वसको परिचालक हुन योग्य मानिनेछः

(क) प्रचलित कानुनले निर्दिष्ट गरे बमोजिमको परिचालक इजाजत प्राप्त गरेको,

(ख) शारीरिक तथा मानसिक रुपमा स्वस्थ्य रहको,

(ग) वस वा एम्वुलेन्स वा जिपको हकमा कम्तिमा २ वर्षको सरकारी सवारि साधन चलाएको अनुभव प्राप्त ।

(घ) कुनै प्रचलित कानुन बमिजम अयोग्य नरहेको ।

**११. चालक, परिचालक तथा यात्रुलाई प्रशिक्षण** : (१) नगरपालिकाले नगर वस सन्चालन संग सम्बन्धित चालक, परिचालक तथा यात्रुहरुलाई सार्वजनिक यातायात सम्बन्धी आधारभूत ज्ञान, सीप, प्रचलित कानूनी व्यवस्था तथा यात्रुसँग गरिने शिष्ट व्यवहारसम्बन्धी विषयमा प्रशिक्षण दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइने प्रशिक्षणमा वस सन्चालन सम्बन्धी सेवा प्रदायक व्यक्ति, संस्था वा कम्पनीले आफ्ना चालक तथा परिचालकहरुलाई अनिवार्यरुपमा सहभागी गराउनुपर्छ ।

(३) उपदफा (१) बमोजिम प्रशिक्षणमा सहभागी भएका चालक तथा परिचालकहरुलाई नगरपालिकाबाट अनूसूची-४ बमोजिमको ढाँचामा परिचयपत्र प्रदान गर्नुपर्छ ।

(४) नगर वसको प्रयोग गर्ने यात्रु तथा पैदल यात्रुलाई यात्रु अनुशासन तथा आचरण सम्बन्धमा सचेतनामूलक प्रशिक्षण दिनुपर्छ ।

(५) नगरपालिकाले चालक तथा सहचालकबाट कुनै अनैतिक कार्य गरेमा वा कार्य सन्तोषजनक नभएमा चालक तथा सहचालकलाई जुनसुकै बखत निलम्बन, बर्खास्त र खारेजी गर्न सक्नेछ । त्यसरी चालक तथा सहचालकलाई निलम्बन, बर्खास्त वा खारेजी गर्दा चालक तथा सहचालकर्लाइ सफाई पेश गर्ने मौका दिइनेछ ।







## परिच्छेद-५
## कर्तव्य तथा निषेधित कार्यहरू

**१२. यात्रुको कर्तव्य** : (१) नगर वस सेवा प्रयोग गर्ने यात्रुले चालक, परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यवहार गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम यातायातको साधन बसमा यात्रा गर्दा देहायका कार्य गर्नु हुँदैनः

(क) निर्धारित भाडा नतिरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्न,

(ख) अन्य व्यक्तिका लागि आरक्षित गरिएको सिटमा बस्ने,

(ग) टिकट नलिने वा कुनै सर्तमा निर्धारित दरभन्दा कम दरमा भाडा तिर्ने,

(घ) अमान्य टिकटहरु प्रयोग गरी यात्रा गर्ने वा गर्न प्रयत्न गर्ने,

(ङ) म्याद समाप्त भएका परिचयपत्र देखाई भाडा छटुका लागि दावी गर्ने,

(च) नक्कली परिचयपत्रबाट सुविधा लिन प्रयत्न गर्न,

(छ) उत्सर्जित फोहरमैला तोकिएको स्थान वा फोहर संकलन गर्न राखिएको भाँडो बाहेक अन्यत्र जथाभावी फाल्ने,

(ज) यातायातको साधनभित्र मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,

(झ) यातायातका साधनमा जडान भएका भौतिक सामाग्रीहरुमा क्षति पुऱ्याउने,

(ञ) यातायातका साधनमा अश्लील शब्द तथा चित्र लेख्ने, त्यस्तै प्रकृतिका सामाग्रीहरु हेर्ने,

(ट) झगडा गर्ने, डरधाक धम्की दिने,

(ठ) यातायातका साधनमा आगो लगाउने, सिसा फुटाउने,

(ड) यौनजन्य दुर्व्यवहार गर्ने,

(ढ) लागुऔषध प्रयोग गर्ने ⁄ गराउने वा त्यस्ता कार्य गर्न प्रोत्साहित गर्ने,

(ण) बगली मार्ने वा अन्य चोरी गर्ने,

(त) जिस्काउने, होच्याउने, विभेद गर्ने,

(थ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

**१३. चालकको कर्तव्यः** (१) नगर वस सेवा संचालन गर्ने चालकले यात्रु परिचालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यबहार गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम नगर वस सेवा संचालन गर्ने चालकले देहायका कार्य गर्नु हुदैंनः

(क) निर्धारित पार्किङ्ग स्थल बाहेकका स्थानमा सवारी साधन रोक्ने,
(ख) यात्रुसँग अशिष्ट भाषामा कुरा गर्ने,
(ग) निर्धारित पोशाक नलगाई सवारी साधन चलाउने,
(घ) बस बिसौनीमा निर्धारित समय भन्दा बढी समय सवारी साधन रोक्ने,
(ङ) जेब्रा क्रसिङ्गमा पैदलयात्रुलाई प्राथमिकता नदिने,
(च) अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाउने,
(छ) सवारी साधनमा अश्लील फोटो टाँस्ने, अश्लील गीत बजाउने,
(ज) जथाभावी पार्किङ्ग गर्ने,
(झ) निर्धारित समयमा निर्धारित रुटमा सवारी साधन चलाउन इन्कार गर्ने,
(ञ) मदिराजन्य र सुर्तीजन्य पदार्थ सेवन गरी सवारी चलाउने,
(ट) यौनजन्य दुर्व्यवहार गर्ने,
(ठ) जिस्काउने, होच्याउने र विभेदजन्य व्यवहार गर्ने,
(ड) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

(३) चालकले उपदफा (२) बमोजिमको कार्य गरेमा प्रमुख प्रशासकिय अधिकृतले जुनसुकै समयमा जिम्मेवारीबाट हटाउने छ ।

(४) उपदफा (३) बमोजिम कारवाही गर्नु पहिले सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

**१४. परिचालकको कर्तव्यः** (१) नगर वस सेवा संचालनमा संलग्न परिचालकले यात्रु, चालक तथा अन्य व्यक्तिसँग शिष्ट, शालीन र सभ्य व्यबहार गर्नुपर्छ ।

(२) उपदफा (१) बमोजिम नगर वस सेवा संचालनमा संलग्न परिचालकले देहायका कार्य गर्नु हुदैंनः

(क) यात्रुसँग निर्धारित भन्दा कम वा बढी रकम असुल गर्ने,
(ख) टिकट दिन इन्कार गर्ने,
(ग) रकम फिर्ता गर्न आलटाल गर्ने,
(घ) यात्रुसँग अशिष्ट भाषामा कुरा गर्ने,
(ङ) निर्धारित पोशाक नलगाई नगर वस संचालनको परिचालकको काम गर्ने,
(च) सवारी साधनमा मदिराजन्य र सुर्तीजन्य पदार्थको सेवन गर्ने,
(छ) यौनजन्य दुर्व्यवहार गर्ने,







(ज) जिस्काउने, होच्याउने, विभेदजन्य कार्य गर्ने
(झ) कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने ।

(३) चालकले उपदफा (२) बमोजिमको कार्य गरेमा प्रमुख प्रशासकिय अधिकृतेल जुनसुकै समयमा जिम्मेवारीवाट हटाउने छ ।

(४) उपदफा (३) बमोजिम कारवाही गर्नु पहिले सफाइको मौकाबाट वञ्चित गरिने छैन ।

**१५. पैदल यात्रुको दायित्वः** (१) मानिस हिड्ने पेटी भएको सडकमा मानिस सो पेटीबाट नै हिड्नु पर्छ । पेटी नभएको सडकमा हिड्दा सो सडकको किनारा तर्फबाट हिड्ने गर्नुपर्छ ।

(२) पैदल हिड्ने मानिसले बाटो काट्नुपर्दा जेब्रा-क्सिंङ्ग, सव-वे ओभरहेड-ब्रिज वा त्यस्तो बाटो काट्नका लागि निर्धारित ठाउँबाट मात्र बाटो काट्नु पर्छ ।

(३) सडक पेटीमा यात्रा गर्न पैदल यात्रुले तोकिए बमोजिमको सडक अनुशासन तथा आचारसंहिता पालना गर्नुपर्छ ।

(४) उपदफा (३) बमोजिम यात्रा गर्ने पैदल यात्रुले देहायका कार्य गर्नु हुदैंनः

(क) सवारी साधन गुड्ने प्रयोजनको लागि तोकिएको सडकबाट हिड्ने,
(ख) आफूले उत्सर्जन गरेको फोहोर सडक तथा सार्वजनिक स्थानमा फाल्ने,
(ग) सडक, पेटी तथा वरपरका स्थानहरुमा आवत जावतलाई असर पर्नेगरी अनावश्यक रुपमा भेला हुने, भिडभाड गर्ने, होहल्ला गर्ने तथा प्रचलित कानुनले निषेध गरेका अन्य कार्यहरु गर्ने/गराउने,
(घ) नगरपालिकाले समय समयमा गर्ननहुने भनी तोकिएको कार्यहरु गर्ने ।

## परिच्छेद-६

## नगर वस सन्चालन हुने रुट, भाडा दर, विदा र तलब भत्ता सम्वन्धी व्यवस्था

**१६. नगर वस सन्चालन हुने रुट** : (१) नगर वस सन्चालनको लागि तत्काल अनुसुचि-१ मा व्यवस्था भए बमोजिम हुनेछ ।

(२) अवस्था र आवश्यकताको आधारमा कार्यपालिकाको निर्णय अनुसार रुट थपघट गर्न सकिने छ ।

**१७. यात्रु भाडा दर** : (१) नगर वस सन्चालनको लागि तत्काल अनुसुची २ बमोजिमको यात्रु भाडा दर निर्धारण गरिएको छ। इन्धन लगायतका पदार्थको मुल्यमा हुने परिवर्तनको आधारमा तोकिएको भाडादरमा थप-घट गर्न सकिने छ ।

**१८. सवारी चालक तथा परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधाः**

(१) सवारी चालकको पारिश्रमिक तथा तलव भत्ता लगायतका सेवा सुविधा अनुसुची ३ मा उल्लेख भए बमोजिम हुनेछ र आवश्यकता अनुसार तोकिएको सेवा सुविधामा हेरफेर गर्न सकिनेछ ।

**१९. सवारी चालक र परिचालकको विदाः** (१) सवारी चालक तथा परिचालकको विदा सम्वन्धी सुविधा देहाय बमोजिम हुनेछः

(क) प्रमुख प्रशासकिय अधिकृतको स्विकृति वमोजिम वर्षमा अधकतम् ३० दिन दिइनेछ ।

## परिच्छेद-७

## अनुगमन समिति र यसको काम, कर्तव्य र अधिकारसम्वन्धी व्यवस्था

**२०. अनुगमन समितिः** (१) सवारी चालक, सेवा-प्रदायक व्यक्ति, संस्था, कम्पनीले सर्वसुलभ, गुणस्तरीय र विश्वसनीय नगर वस सेवा सञ्चालन गरे नगरेको, चालक, परिचालक तथा यात्रुले प्रचलित कानून तथा निर्देशिका बमोजिमको कार्य गरे नगरेको अनुगमन गरी कानून बमोजिम कारवाही गर्नगराउन र आवश्यक कारवाहीको सिफारिश गर्न देहाय बमोजिमको नगर बस सन्चालन तथा व्यवस्थापन अनुगमन समिति गठन हुनेछः

(क) नगर प्रमुख -संयोजक

(ख) नगर उप प्रमुख -सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) नगर प्रमुखले तोकेको एक जना वडा अध्यक्ष -सदस्य

(ङ) प्रमुख प्रशासकिय अधिकृतले तोकेको वा सम्बन्धीत फाँट हेर्ने भनी तोकिएको कर्मचारी -सदस्य सचिव

**२१. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः** (१) नगर वस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः







(क) जुनसकै स्थान तथा समयमा पनि नगर वस सेवाको नियमन, अनुगमन र चेकजाँच गर्ने,

(ख) आवश्यक निर्देशन दिने, आवश्यक कारवाही गर्ने, थप कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने,

(२) नगर वस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिले दिएको निर्देशनको पालना गर्नु सेवा प्रदायक व्यक्ति निकाय तथा संस्था, सवारी चालक, सवारी परिचालक, यात्रु, जनप्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी लगायत सवैको कर्तव्य हुनेछ,

(३) अनुगमन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्छ,

(४) यस दफामा लेखिएको व्यवस्थाले प्रचलित कानून बमोजिम हुने कुनै पनि कारवाही गर्न बाधा पुगेको मानिने छैन,

(५) यस दफा बमोजिम नगर बस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिले गरेको कारवाहीका सम्बन्धमा चित्त नबुझ्ने पक्षले कारवाही वा सजाय भएको मितिले पन्ध्र दिन भित्र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर प्रमुख समक्ष पुनरावेदन गर्न सक्नेछ,

(६) नगर प्रमुखले पुनरावेदनको रोहमा गरेको निर्णय अन्तिम हुनेछ,

(७) यस परिच्छेद बमोजिम भएको नगर बस सन्चालन तथा व्यवस्थापन अनुगमन समितिले गरेको अनुगमन र कारवाहीको अभिलेख अद्यावधिक गरी गराई त्रैमासिक रुपमा नगर कार्यपालिका समक्ष प्रतिवेदन पेश गर्नु अनुगमन समितिको कर्तव्य हुनेछ ।

## परिच्छेद-८

## विविध

**२२. यात्रुबिमा सम्वन्धी व्यवस्था** : (१) सेवा प्रदायक संस्था वा कम्पनीले प्रत्येक यात्रुको प्रचलित कानूनले तोके बमोजिम बिमा गर्नुपर्छ ।

**२३. नगर वस संचालन सम्बन्धी बिशेष व्यबस्थाः** (१) नगरपालिकाले नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय सरकार, सम्वद्ध संघसंस्था तथा व्यक्तिहरुसँग साझेदारी वा संयुक्त व्यवस्थापनमा नगर बसको संचालन तथा व्यस्थापन गर्न सक्छ ।

**२४. बाधा–अड्काउ फुकाउने अधिकारः** (१) यस निर्देशिकाको कार्यान्वयन गर्दा तत्काल कुनै बाधाअड्काउ परेमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ । त्यसरी कार्यपालिकाबाट भएको बाधा अड्काउ सम्वन्धी निर्णय प्रस्तुत निर्देशिकाको अभिन्न अंग मानिनेछ ।

**२५. प्रचलित कानुन बमोजिम हुनेः** (१) यस निर्देशिकामा उल्लेख नभएका बिषयमा प्रचलित संघीय, प्रदेश र स्थानीय कानून बमोजिम हुनेछ ।

**२६. निर्देशिका संशोधन :** (१) नगरपालिकाकोको नगर कार्यपालिकाको बैठकको निर्णय बमोजिम यस निर्देशिकामा उल्लेखित व्यवस्थाको संशोधन तथा थपघट गर्न सकिनेछ ।

**२७. मापदण्ड बनाउने अधिकार :** (१) नगर कार्यपालिकाले यस निर्देशिकाको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मापदण्ड बनाउन सक्नेछ ।

**२८.** यस नगरपालिकामा खरिद भएका बसहरु संचालनका लागि दुइ जना भारी (हेभी) सवारी चालक र दुइ जना बस परिचालकको व्यवस्था गर्न सकिनेछ । बसहरु थपघट भएमा चालक र परिचालक पनि थपघट गर्न सकिनेछ ।

**२९.** नगरपालिकामा रहेका नगर प्रहरीहरुलाई सवारी साधन चालक सम्बन्धी तालिम दिई निजहरुबाट नै नगर बस संचालन गर्न सकिनेछ ।







अनुसुची १

**(दफा १५ को उपदफा (१) संग सम्बन्धीत)**

(१) दुनैबाट सुलिगाढ कालागौडा मतिपुर हुँदै जुफालसम्म,

(१) दुनैबाट सुलिगाढ कालागौडा मतिपुर भेत्ति सुप्पानी हुँदै त्रिपराकोट बगरसम्म,

अनुसुचि २

**(दफा १६ को उपदफा (१) सँग सम्बन्धीत)**

| सं | स्थान | | भाडा दर | स्थान | | भाडा दर |
|---|---|---|---|---|---|---|
| | देखि | सम्म | | देखि | सम्म | |
| १ | दुनै | सुलिगाड | रु. ५०/- | जुफाल | मतिपुर | रु. ५०/- |
| २ | दुनै | कालागौडा | रु. १००/- | जुफाल | कालागौडा | रु. १००/- |
| ३ | दुनै | मतिपुर | रु. १५०/- | जुफाल | सुलिगाड | रु. १५०/- |
| ५ | दुनै | जुफाल | रु. २००/- | जुफाल | दुनै | रु. २००/- |
| ६ | दुनै | भेत्ति | रु. २५०/- | त्रिपुराकोट बगर | भेत्ति | रु. १००/- |
| ७ | दुनै | त्रिपुराकोट बगर | रु. ३००/- | त्रिपुराकोट बगर | मतिपुर | रु.१००/- |

**नोटः** भाडा नतोकिएको स्थानको हकमा प्रति कि.मि बिस रुपैयाँका दरले भाडा लाग्नेछ ।







अनुसुचि ३

**(दफा १७ को उपदफा (१) सँग सम्बन्धीत)**

**(क) चालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा सम्बन्धी व्यवस्थाः**

(१) मासिक रुपमा पारिश्रमिक वापत छब्विस हजार रुपैया ।

(२) चाडपर्व भत्ता प्रत्यक वर्षमा एक पटक एक महिनाको तलब बराबरको रकम उपलब्ध गराइने ।

(३) वर्षमा एक जोर पोशाकउपलब्ध गराइने छ ।

(४) अतिरिक्त समय काम गरे वापत सम्झौतामा उल्लेख भए बमोजिम रकम उपलब्ध गराइने छ ।

(५) नगरवसको हकमा मात्र खाना नास्ता वापत मासिक सात हजार पाँच सय रुपैया उपलब्ध गराईने छ ।

**(ख) परिचालकको पारिश्रमिक तथा तलव भत्ता सुविधा सम्बन्धी व्यवस्थाः**

(१) मासिक रुपमा पारिश्रमिक वापत पन्ध्र हजार रुपैया ।

(२) चाडपर्व भत्ता प्रत्यक वर्षमा एक पटक एक महिनाको तलब बराबरको रकम उपलब्ध गराइने छ ।

(३) वर्षमा एक जोर पोशाक र एक जोर उपलब्ध गराइने छ ।

(४) अतिरिक्त समय काम गरे वापत सम्झौतामा उल्लेख भए बमोजिम रकम उपलब्ध गराइने छ ।

(५) नगर वसको हकमा मात्र खाना नास्ता वापत मासिक सात हजार पाँच सय रुपैया उपलब्ध गराईने छ ।

अनुसूची-४
**(दफा ११ को उपदफा (३) सँग सम्बन्धीत)**

**ठुलि भेरी नगरपालिका नगर वस चालक/परिचालक**
**परिचयपत्र**

चालक/परिचालकको नाम, थरः
ठेगानाः
चालक/परिचालक परिचयपत्र नं./लाइसेन्स नंः
सम्पर्क नं. .............
परिचयपत्र कायम रहने अवधि

प्रमाणित गर्नेको
नाम
पद
दस्तखत

**आज्ञाले,**
डिल प्रसाद रोकाया
नि.प्रमुख प्रशासकीय अधिकृत